नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ०९/२०७६-७७** **मितिः २०७६/१२/१४**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरू र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरू ।

**विषय : एकीकृत परिपत्र-२०७६ मा थप गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**(क) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०९/२०७६ को दफा (३) मा देहाय बमोजिमको खण्ड (ङ) थप गरिएको छ ।**

(ङ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुबाट साइप्रसमा रहेका नेपाली विद्यार्थीहरुले प्राप्त गर्ने गरी नेपाल सरकार, शिक्षा मन्त्रालयको No Objection Letter/Certificate (NOC) बिना पनि देहायका शर्तहरुको अधिनमा रहने गरी सटही सुविधा प्रदान गर्न सकिनेछ ।

**शर्तहरु :**

(क) यसरी पठाइएको रकमको Beneficiary हाल साइप्रसमा रहेका नेपाली विद्यार्थी हुनु पर्नेछ ।

(ख) विद्यार्थीको निर्वाह शुल्क वापतको रकम पठाउँदा निज सायप्रसमा रही अध्ययन गरिरहेको कागजात सहित बैंक तथा वित्तीय संस्थामा निवेदन पेश गर्नुपर्नेछ ।

(ग) रकम पठाउँदा प्रति विद्यार्थी बढीमा युरो ३०० वा सो वरावरको परिवर्त्य विदेशी मुद्रा मात्र पठाउन सकिनेछ ।

(घ) साइप्रस स्थित रकम प्राप्त गर्ने विद्यार्थीका अभिभावक/आफन्तले मात्र नेपालबाट यसरी रकम पठाउन पाउने छन् ।

(ङ) सटही सुविधा माग गर्ने व्यक्तिले अन्य बैंक तथा वित्तीय संस्थाबाट यस प्रकारको सटही सुविधा नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ ।

(च) यसरी प्रदान गरिने सटही सुविधा सम्बन्धी विवरण महिना समाप्त भएको सात दिनभित्र सम्बन्धित बैंकले यस विभागमा Reporting गर्नुपर्नेछ ।

(छ) यस्तो रकम दुरुपयोग भएको पाइएमा सम्बन्धित अभिभावक/आफन्त जिम्मेवार हुनुपर्नेछ ।

भवदीय,

बम बहादुर मिश्र
(कार्यकारी निर्देशक)

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
८. श्री नेपाल सरकार, भन्सार विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१३. श्री नेपाल बैंकर्स संघ ।
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१६. श्री नेपाल उद्योग परिसंघ ।